आज मिति २०७८ पुष ७ गते बुधबार बिहान ११:०० बजे यस गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ४. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ६. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ७. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ८. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| ९. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| १०. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| ११. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १२. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १३. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १४. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १५. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १६. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १७. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | |
| १९. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | |
| २०. | श्री राम कुमार कार्की | प्र.प्र.अ.(सचिव) | |

सहजकर्ता

१- श्री प्रेम बहादुर कुइकेली — क. अ.

२- सुरेश कुमार कराल — सदस्य पाँचौं

३- चन्द्रीका थापा — का. स

४- पदम बहादुर तामाङ — का. स.

[illegible]

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | विगतका बैठकहरुको निर्णयको समिक्षा सम्बन्धमा । | कृषि उपज ढुवानीको प्रयोजनका लागि ५०% प्रतिशत अनुदानमा गौरिशंकर कृषि तथा पशुपन्छी महिला समूह, तीनपाटन-७ मा खरिद भएको बोलेरो जीप गाउँपालिकाले खरिद गरेको कारण सेतो नम्बर प्लेट भएकोले कृषि उपज ढुवानीका लागि समस्या भएको हुँदा रातो नम्बर प्लेटमा परिवर्तन गर्न यातायात व्यवस्था कार्यालयलाई अनुरोध गर्ने । |
| २ | सामाजिक सुरक्षा भत्ता बैठक मार्फत वितरण गर्ने सम्बन्धमा । | आ.व. ०७८/७९ को पहिलो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडा सचिवको खाता मार्फत नगदै उपलब्ध गराएकोले सो निर्णय अनुमोदन गर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक मार्फतबाट भत्ता वितरण गर्ने प्रयोजनका लागि खटिएका कर्मचारीका लागि यातायातको साधन, खाना तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराउने । |
| ३ | गाउँपालिका प्रशासनिक भवनको भेरियसन सम्वन्धि वैठक सम्वन्धमा । | मिति २०७८।०६।०६ गतेको कार्यपालिकाको निर्णय वमोजिम यहि मिति २०७८।०९।१० गते विहान १०:०० वजे गाउँपालिकाको प्रशासनिक भवनको भेरियसन सम्वन्धि कार्यदलको वैठक राख्ने । |
| ४ | खरको छानो मुक्त कार्यक्रमको लागि खरिद भएका जस्तापाता वितरण गर्ने सम्बन्धमा । | खरको छानो मुक्त कार्यक्रमको लागि मिति २०७८/०९/०८ गते देखि १० दिनको म्याद राखि निबेदन माग गर्ने र सो कार्यको लागि जस्तापाता खरिद गरी वितरण गर्नु पर्ने भएकाले खरिद प्रक्रिया अघि बढाउने । |
| ५ | स्वास्थ्य शिविर संचालन गर्ने सम्बन्धमा । | तीलगंगा आखा अस्पताल, अन्य स्वास्थ्य संस्था र तीनपाटन गाउँपालिकाको समन्वयमा मिति र स्थान पछि तोकिने गरी आखा विशेषज्ञ तथा जनरल विशेषज्ञद्धारा हुने शिविरमा तपसिलका वडाको नागरिकहरुका लागि उल्लेखित विवरण संकलन गर्नु पर्ने भएकोले संकलन केन्द्र संचालन गरिने र सो को लागि खटिने कर्मचाहरुको लागि खाना, बस्न र सवारी साधनको व्यवस्था गाउँपालिकाको कार्यालयबाट गर्ने ।<br><br>**तपसिल**<br>सि.नं. — विवरण संकलन केन्द्र — वडा नं.<br>१. भिमस्थान - वडा नं. १, २ र ३<br>२. मझुवा - वडा नं. ४, ५ र ६ |

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | ३. बाहुनतिल्पुङ्ग - वडा नं. ७ र ८<br>४. आम्बोटे - वडा नं. ९ र १०<br>५. लाम्पनटार - वडा नं. ४, १० र ११ |
| ६ | एकिकृत घुम्ती शिविर संचालन सम्बन्धमा । | एकिकृत घुम्ती शिविरलाई निरन्तरता दिने । |
| ७ | घरभाडा सम्बन्धमा । | घरभाडा शिर्षकमा स्वीकृत बजेटले नखामेको रकम कन्टिजेन्सीबाट व्यहोर्ने गरी घर भाडालाई निरन्तरता दिने । |
| ८ | बहाक्षेत्रीय पोषण कार्यक्रमको स्वीकृत कार्यक्रम बमोजिम व्यवशायिक योजनामा आधारित गाउँपालिका भरीको कुनै एक महिला सहकारी तथा समूहलाई उद्यमशीलता विकासको लागि शुरु पूँजी अनुदान प्रदानको लागि सहकारी संस्था छनौट गर्ने सम्बन्धमा । | बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि मिति २०७८/०९/०८ गते देखि १ (एक) हप्ताको म्याद राखी सूचना प्रकाशित गरी निवेदन माग गर्ने । |
| ९ | बहुक्षेत्रीय पोषण कार्यक्रमको स्वीकृत कार्यक्रम बमोजिम गाउँपालिका भित्र विपन्न समुदायका साभुदायिक विद्यालयहरु मध्येबाट खानेपानी तथा शौचालय नभएको वा विद्यार्थीको अनुपातमा अपर्याप्त भएको विद्यालयमा खानेपानी तथा शौचालय व्यवस्था निर्माणको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा । | बहुक्षेत्रीय पोषण कार्यक्रमको स्वीकृत कार्यक्रम बमोजिम गाउँपालिका भित्र विपन्न समुदायका सामुदायिक विद्यालयहरु मध्येबाट खानेपानी तथा शौचालय नभएको वा विद्यार्थीको अनुपातमा अपर्याप्त भएको विद्यालयमा खानेपानी तथा शौचालय व्यवस्था निर्माणको लागि प्रा.वि. लाम्पनडाडाँ, तीनपाटन ११, सिन्धुलीमा निर्माण गर्ने । |
| १० | लामपनटार बहुमुखी क्याम्पसको भवन निर्माण र माध्यमिक विद्यालय, लाम्पन | लाम्पनटार बहुमुखि क्याम्पसको भवन निर्माणका लागि. संघिय सरकारबाट हस्तान्तरण कार्याक्रम -विशेष |

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | बतासेको लागि नमूना विद्यालय विकास गर्ने प्रयोजनको लागि विनियोजन भएको विशेष अनुदानको बजेट क्याम्पस र सशर्त बजेट विद्यालयलाई उपलब्ध गराउने सम्बन्धमा । | अनुदान) अन्तरगत प्राप्त भएको रकम रु.७९,००,०००।- (उनन् असि लाख) सोहि क्याम्पसको बैक खातामा ( ट्रन्सफर) स्तान्तरण गर्ने, नमुना विद्यालय विकास गर्ने प्रयोजनका लागि संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम ससर्त अनुदानमा प्राप्त भएको रकम रु. १,५०,००,०००।-(एक करोड पचास लाख) तीनपाटन गाउँपालिकाको १ (एक) मात्र नमुना विद्यालय श्री माध्यमिक विद्यालय लाम्पन बतासेका लागि ल्याव व्यवस्थापन तथा अनुदानका लागि दिने । |
| ११ | कृषि विकास र पशु सेवा शाखामा कार्यक्रम सम्बन्धमा । | कृषि समितिको मिति २०७८/०८/२३ गते बसेको बैठकले कृषि शाखाको ससर्त तर्फको धान पकेट र मकै प्रवर्धन कार्यक्रम सम्बन्धी गरेको निर्णलय अनुमोदन गर्ने । |
| १२ | पहिरोबाट भएको क्षतिको राहत वितरण रकमको अनुमोदन सम्बन्धमा । | गाउँपालिकाको प्रशासनिक भवनबाट क्षति भएको राहत वितरण रकमको अनुमोदन गर्ने । |
| १३ | आधारभूत स्वास्थ्य केन्द्रलाई स्तरउन्नती गर्ने । | साविक गाविसबाट वडा छुट्टी बनेका वडा नं. २, ४ र १० मा रहेको आधारभूत स्वास्थ्य इकाईलाई स्वास्थ्य चौकीको रुपमा स्तरउन्नती गरी रिक्त रहेको कर्मचारी दरबन्दी समेत व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । |
| १४ | प्रारम्भिक बालविकास तहका सहजकर्ताहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, शैक्षिक योग्यता र छनौट सम्बन्धमा । | तीनपाटन गाउँ शिक्षा समितिको मिति २०७८।०६।११ को वैठक निर्णयबाट स्वीकृतिका लागि पेस भएको प्रारम्भिक बालविकास तहका सहजकर्ताहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०७८ स्वीकृत गर्ने ।<br>प्रारम्भिक बालविकास तहका सहजकर्ताहरुको न्यूनतम शैक्षिक योग्यता शिक्षा शास्त्र संकायमा वा (शिक्षा विषय सहित) कक्षा १२ वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने ।<br>प्रारम्भिक बालविकास तहका सहजकर्ताहरुको छनौट तीनपाटन गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा २५ बमोजिमको छनौट समितिबाट गर्ने । |
| १५ | आधारभूत तह (कक्षा ६-८) को शिक्षण सहयोग अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्बन्धमा । | आधारभूत तह कक्षा ६-८ को संघीय शिक्षण सहयोग अनुदान कोटामा शिक्षक पदपुर्तिका लागि प्रकाशित पहिलो विज्ञापनमा सम्बन्धित तह र विषयको स्थायी अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारहरुको दरखास्त नपरेमा पुन : दोस्रो पटकको विज्ञापनबाट तोकिएको योग्यता पुरा गरी स्थायी अध्यापन अनुमति पत्र प्राप्त |

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | नगरेका उम्मेदवारहरुबीच प्रतिस्पर्धा गराई शिक्षक छनौट गर्न सकिने सम्बन्धमा मिति २०७८।०८।१२ मा भएको गाउँपालिका प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| १६ | योजना अनुगमन सम्बन्धमा । | आ.व. ०७८/७९ को यस तीनपाटन गाउँपालिकामा संचालित योजनाहरु मध्य ५०,०००।- (पचास हजार) सम्मको योजनाहरु वडाबाटै अनुगमन गर्ने । |
| १७ | कार्यपालिकाको बैठक सम्बन्धमा । | कार्यपालिकाको आगामि बैठक पुस १८ गते बस्ने । |
| १८ | मेला सम्बन्धमा । | तीनपाटन गाउँपालिकाको आयोजनामा स्थानीय क्लवहरु संग समन्वय गरी तीनपाटन - ११, चकमकेमा मेला आयोजना गर्ने । |
| १९ | विविध सम्बन्धमा । | प्रा.स्वा.के. लाम्पनटारको एक्सरे मेसिन खरिद प्रक्रिया अघाडी बढाउने ।<br>अ.न.मि., अ.हे.व.को कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने ।<br>सुरक्षित आप्रवासन सम्बन्धि कार्यविधि, २०७८ र स्वास्थ्य विमा कार्यक्रम कार्यविधि, २०७८ पारित गर्ने । |